# क्लेभल्यान्ड मेट्रोपोलिटन स्कूल डिस्ट्रिक्ट शैक्षिक रूपमा उपयुक्त पोसाक तथा भेषभूषा/पोसाक अपेक्षाहरू

विद्यार्थीको पोसाक वा भेषभूषाको जिम्मेवारी प्राथमिक रूपमा विद्यार्थीहरू र उनीहरूका आमाबाबु वा अभिभावकमा निहीत रहन्छ। सुरक्षित तथा स्वस्थ सिकाइ वातावरण कायम राख्ने हितमा रहँदा, डिस्ट्रिक्ट निम्नलिखित आधारभूत सिद्धान्तहरूमा विश्वास गर्दछ:

- सम्पूर्ण विद्यार्थीहरूलाई एउटा क्रियाशील शैक्षिक स्कूल दिनका लागि उपयुक्त, सहज तथा हितकर पोसाक लगाउनका लागि प्रोत्साहित गरिन्छ।
- विद्यार्थीहरू वास्तविक अनावश्यक डर वा अनुशासन वा शरीरको लज्जा बिनै पोसाक लगाउन सक्षम हुनु पर्नेछ।
- विद्यार्थी पोसाक नियमावलीले सम्पूर्ण विद्यार्थीहरूलाई शरीर-सकारात्मक व्यक्तित्व विकसित गर्न सहयोग गर्नु पर्नेछ।
- डिस्ट्रिक्टको मानक पोसाक तथा भेषभूषा नीति तटस्थ-लिङ्गी रहेको छ र स्कूल परिसरहरू तथा स्कूल प्रायोजित कार्यक्रमहरूमा विद्यार्थीको लिङ्ग जेसुकै भए तापनि सम्पूर्ण विद्यार्थीहरूमा समान रूपमा लागू हुनेछ र यसलाई सम्पूर्ण स्कूल स्टाफले निरन्तर र निष्पक्ष रूपमा कार्यान्वयन गर्नेछन्।

अनुपयुक्त पोसाकका उदाहरणहरूमा निम्न रहेका छन्:

- नितम्ब वा पिठ्यू देखिने कपडा, जस्तै ट्युब टप, हाफ सर्ट, हाल्टर,
- वारपार देखिने कपडा (कपडा अपारदर्शी हुनु पर्नेछ)
- अश्लील, छाडा शब्द वा चित्रहरू, यौन जनाउने वक्तव्यहरू, हिंसा वा हिंसा गर्न उक्साउने कपडा वा सहायक कपडाहरू
- गिरोह-सम्बन्धित क्रियाकलाप प्रस्तुत गर्ने कपडा
- पूरा तिघ्रा देखिने कपडा जस्तै माइक्रो मिनी वा छोटा हाफपेन्टहरू
- नुहाउने पोसाक वा कट-अफहरू
- सूर्ती प्रवर्द्धनात्मक वा नियन्त्रित पदार्थहरू(लागू पदार्थहरू) र/वा मदिरा प्रवर्द्धन गर्ने कपडा लगाउने वा बोक्ने
- भित्री कपडा देखिनेगरि लगाएको बाहिरी कपडा
- विद्रोही, बुलीइङ, उत्पीडन वा विभेद जनाउने पाठ वा दृश्यहरू भएको कपडा
- स्कूल तथा सम्पूर्ण कार्यक्रमहरूमा जुत्ता लगाउनु पर्नेछ
- कुरकुच्चा वा औँला देखिने किसिमको जुत्ता/चप्पल लगाउन पाइनेछैन

यस अतिरिक्त, निम्नलिखित परिस्थितिहरूमा स्थल नेतृत्व (UCC उपसमिति + एक जना अभिभावक)ले अभिभावकहरूको सर्वेक्षण द्वारा, स्थल-निर्दिष्ट पोसाक नियमावली परिशिष्ट स्थापित गर्न सक्नेछन्:

A. विद्यार्थीहरू अतिरिक्त क्रियाकलापहरू वा अन्य विशेष स्कूल क्रियाकलापहरूमा संलग्न भएका बेला र जहाँ मानक पोसाक तथा भेषभूषा नीति, त्यस्तो क्रियाकलापका लागि उपयुक्त हुँदैन।

B. विद्यार्थीहरू निर्दिष्ट कोर्सहरूमा संलग्न भएका बेला जहाँ कक्षामा संलग्न भएका विद्यार्थीहरूको सुरक्षाका लागि परिमार्जन आवश्यक हुन्छ। यसका उदाहरणहरूमा, प्रयोगशाला विज्ञान, शारीरिक शिक्षा, CTE कक्षाहरू वा अन्य कक्षाहरू जहाँ सम्भावित खतरा रहेको हुन सक्छ।

C. स्कूलहरूले ह्याट, टोपीहरू वा अन्य टाउकाको आवरणका सम्बन्धमा आफ्नै स्थल-निर्दिष्ट परिशिष्ट स्थापित गर्न सक्नेछन्। प्रामाणिक धार्मिक उद्देश्यहरूका लागि विद्यार्थीहरूले लगाउने टाउकाको आवरणमा कुनै पनि निषेध हुनेछैन।

D. प्रत्येक स्कूल स्थलले, डिस्ट्रिक्ट पोसाक नियमावली समीक्षा प्रक्रिया (एउटा सेमेस्टरमा एक पटक बैठक गर्ने पोसाक नियमावली समितिले निर्देशित गरे अनुरूप) अनुसार डिस्ट्रिक्टको न्यूनतम मानक पोषाक तथा भेषभूषा नीतिभन्दा बढी कडा अतिरिक्त मार्गदर्शनहरू विकसित गर्न सक्नेछन्; यद्यपि, यी स्थल-निर्दिष्ट पोसाक नियमावली परिशिष्टहरू यस प्रलेखमा रेखाङ्कित गरिएको डिस्ट्रिक्टको पोसाक तथा भेषभूषा नीति विरुद्ध हुनु हुनेछैन। स्कूलहरू उनीहरूका स्थल-निर्दिष्ट परिशिष्टहरूका लागि विद्यार्थीहरू तथा अभिभावकहरूलाई सूचीत गर्दा डिस्ट्रिक्टले पहिचान गरेका नीतिहरू पालना गर्नका लागि जिम्मेवार रहनेछन्।

## पोसाक तथा भेषभूषा नियमावली उल्लङ्घनका परिणामहरू

पोसाक तथा भेषभूषा नियमावली उल्लङ्घनका परिणामहरू हुनेछन् जसलाई निरन्तर तथा निष्पक्ष रूपमा लागू गरिनेछ। अतिआवश्यक परिस्थितिहरूमा बाहेक, निलम्बन वा निष्कासनलाई पोसाक नियमावली उल्लङ्घनको परिणामका रूपमा प्रयोग गरिनेछैन।

स्थल स्टाफले विद्यार्थीहरूलाई उल्लङ्घन सुधार्ने अवसरहरू प्रदान गर्नेछन्। सुधार अवसरहरूमा निम्न सामेल छन् तर त्यतिमै सीमित छैनन्- अभिभावक सम्पर्क, कपडा परिवर्तन गर्ने प्रस्ताव, विद्यार्थी सहयोग टोली (SST) मा वा से यस संयोजकमा रेफरल। पोसाक नियमावली उल्लङ्घनहरूबाट उत्पन्न भएको कुनै पनि अनुशासनात्मक कार्बाहीले लक्ष्यका रूपमा शैक्षणिक समयको न्यूनतम क्षति लिएको हुनु पर्नेछ।

**प्रथम उल्लङ्घन:** प्रशासक, वा प्रतिनिधि (CTU सदस्यले होइन) ले आमाबाबु/अभिभावकलाई एउटा फोन गर्न सक्नेछन्। विद्यार्थीलाई परिस्थिति सुधार गर्ने अवसर प्रदान गरिनेछ, जसमा उपलब्ध भए कपडा परिवर्तन, शर्ट उल्टो बनाएर लगाउने, वा अन्य सम्भावित सुधार सामेल हुन सक्छन्। मौखिक चेतावनी प्रदान गरिनेछ।

**दोस्रो उल्लङ्घन:** प्रशासक, वा प्रतिनिधि (CTU सदस्यले होइन) ले आमाबाबु/अभिभावकलाई एउटा फोन गर्न सक्नेछन्। विद्यार्थीलाई परिस्थिति सुधार गर्ने अवसर प्रदान गरिनेछ, जसमा उपलब्ध भए कपडा परिवर्तन, शर्ट उल्टो बनाएर लगाउने, वा अन्य सम्भावित सुधार सामेल हुन सक्छन्। मौखिक चेतावनी प्रदान गरिनेछ।

**उत्तरवर्ती उल्लङ्घन(हरू):** प्रशासक, वा प्रतिनिधि (CTU सदस्यले होइन) ले आमाबाबु/अभिभावकलाई एउटा फोन गर्न सक्नेछन्। विद्यार्थीलाई परिस्थिति सुधार गर्ने अवसर प्रदान गरिनेछ, जसमा उपलब्ध भए कपडा परिवर्तन, शर्ट उल्टो बनाएर लगाउने, वा अन्य सम्भावित सुधार सामेल हुन सक्छन्। अभिभावक सम्मेलन तय गरिनेछ। परिणामका रूपमा डिटेन्सन विचार गर्न सकिनेछ।

यदि कुनै आमाबाबु/अभिभावक वा विद्यार्थी मानक उल्लङ्घनमा स्थल प्रशासकको निर्णय प्रति असहमत भए, त्यस्ता आमाबाबु/अभिभावक वा विद्यार्थीले स्थल प्रशासकसँग व्यक्तिगत भेटघाट अनुरोध गरेर समस्याको समाधान गर्ने प्रयास गर्नु पर्नेछ। यदि त्यस्तो समस्या आमाबाबु/अभिभावक वा विद्यार्थी सन्तुष्ट हुनेगरि समाधान नभए, स्थल प्रशासकको निर्णय विरुद्ध CEO को प्रतिनिधिसमक्ष अपील गर्न सकिनेछ, जसको निर्णय अन्तिम हुनेछ।

**खतरनाक वा बाधाकारी उल्लङ्घनहरू:** शैक्षिक वातावरणमा वास्तविक बाधा पुर्‍याउने, घृणा-अपराध कानुनहरू सहित कानुन वा अन्य स्कूल नियमहरूको उल्लङ्घन गर्ने, वास्तविक चोटपटक लगाउने पोसाक वा भेषभूषा उल्लङ्घनहरूको नतिजा डिस्ट्रिक्ट प्रशासनको समझदारीमा, बढी गम्भीर अनुशासनात्मक कार्बाही हुन सक्नेछ, जसमा मानक उल्लङ्घनहरूका लागि स्थापित नीति जेसुकै भएता पनि, निष्कासनसम्म वा सो सहित सामेल हुनेछ। यी गम्भीर वा बाधाकारी उल्लङ्घनहरू विरुद्घ गरिने अपीलको प्रक्रिया मानक डिस्ट्रिक्ट अनुशासनात्मक कार्यविधि अनुसार हुनेछ।

## नियमनहरूको अपवाद

सामान्यतया, यी तटस्थ पोसाक नियमहरू व्यक्तिगत परिस्थितिहरू जेसुकै भए तापनि, सम्पूर्ण विद्यार्थीहरूका लागि

लागू हुनेछ। यद्यपि, धार्मिक विश्वास, मेडिकल आवश्यकताहरू वा अन्य कारणहरू डिस्ट्रिक्टको मानक पोसाक तथा भेषभूषा नीतिको निर्दिष्ट खण्डका लागि, डिस्ट्रिक्टबाट निर्दिष्ट अग्रिम स्वीकृति सहित, अपवादका आधारहरू हुन सक्नेछन्। डिस्ट्रिक्टको मानक पोसाक तथा भेषभूषा नीतिको निर्दिष्ठ खण्डको कार्यान्वयनबाट अपवादका लागि याचिका प्रिन्सिपललाई बुझाउन सकिनेछ। कुनै पनि परिस्थितिमा प्रिन्सिपलले गिरोहका प्रतीक प्रदर्शित गर्ने, अश्लीलता प्रयोग गर्ने, मदिरा, लागू पदार्थ वा यौन प्रवर्द्धन गर्ने उत्पादन वा नारा प्रदर्शित गर्ने, स्कूल कार्यमा वस्तुगत रूपमा हस्पक्षेप गर्ने, स्कूल वातावरणमा वस्तुगत रूपमा बाधा गर्ने, स्कूलको वातावरणमा उल्लेख्य बाधा उत्पन्न गर्ने वा सुरक्षाको जोखिम उत्पन्न गर्ने पोसाकका लागि अपवाद प्रदान गर्नेछैनन्।

## गिरोह-सम्बन्धित पोसाक

गिरोह सम्बन्धित पोसाक स्वीकार गरिनेछैन। यदि स्कूलमा वा स्कूल क्रियाकलापहरूमा गिरोह-सम्बन्धित पोसाक निषेध गर्ने पोसाक नियमावलीहरू भएका निज स्कूलहरू, प्रिन्सिपल, स्टाफ तथा स्कूल सुरक्षा योजनाको विकासमा सहभागी हुने स्टाफ र आमाबाबु/अभिभावकहरूले "गिरोह-सम्बन्धित पोसाक" परिभाषित गर्नेछन् र यो परिभाषा यदि त्यस्तो पोसाक स्कूल परिसरहरूमा लगाइए त्यसले स्कूल वातावरणको स्वास्थ्य र सुरक्षालाई खतरा पुऱ्याउने भनी युक्तिसङ्गत रूपमा निर्धारित गरिएको पोसाकको परिभाषामा सीमित गर्नेछन्।

प्रत्येक सेमेस्टरको सुरुमा वा जति आवश्यक हुन्छ त्यति पटक प्रिन्सिपलहरूले गिरोह-सम्बन्धित पोसाकहरूको परिवर्तन अद्यावधिक गर्नका लागि कानुन कार्यान्वयन एजेन्सीहरूसँग सहकार्य गर्नेछन्। गिरोह-सम्बन्धित प्रतीकहरू निरन्तर रूपमा परिवर्तन भैरहने हुनाले, गिरोह-सम्बन्धित पोसाकको परिभाषालाई हरेक सेमेस्टरमा कम्तीमा एक पटक पुनरावलोकन गरिनेछ र सम्बन्धित जानकारी प्राप्त गरेपछि अद्यावधिक गरिनेछ।

## युनिफर्महरू

स्कूलब्यापी युनिफर्म आवश्यक हुने स्कूलहरूमा, निज स्कूलका प्रिन्सिपल, स्टाफ, र आमाबाबु/अभिभावकहरूले संयुक्त रूपमा निर्दिष्ट युनिफर्म तथा युनिफर्म मिश्रणहरू छनोट गर्नेछन्।

स्कूल युनिफर्म नीति कार्यान्वयन हुनुअघि प्रिन्सिपल वा प्रतिनिधिले आमाबाबु/अभिभावकहरूलाई कम्तीमा दुई हप्ताको सूचना प्रदान गर्नेछन्।

आमाबाबु/अभिभावकहरूलाई स्कूल युनिफर्म नीतिबाट आफ्नो बच्चालाई अपवादमा राख्ने उनीहरूको अधिकार बारे सूचीत गरिनेछ। आफ्नो आमाबाबु/अभिभावकद्वारा स्कूल युनिफर्म नीतिमा संलग्न हुनबाट अपवादमा रहने कुनै पनि विद्यार्थीले यस नियमन र स्थल तहमा अपनाइएको कुनै पनि परिपूरकीय निर्दिष्ट पोसाक नियमावलीको पालना गर्नु पर्नेछ।

युनिफर्म खरीद गर्न आर्थिक सहयोगको विद्यार्थी योग्यता निर्धारण गर्नका लागि मापदण्ड CEO वा प्रतिनिधिले स्थापित गर्नेछन्।

युनिफर्महरू साँघुरा भएपछि ती युनिफर्महरू पुनर्चक्रण वा विनियम गर्ने एउटा विधि CEO वा प्रतिनिधिले स्थापित गर्नेछन्।

राष्ट्रिय रूपमा पहिचान गरिएको युवा सङ्गठनमा सहभागी हुने विद्यार्थीहरूलाई सो सङ्गठनको तय गरिएको बैठक भएका दिनहरूमा त्यस्ता सङ्गठनको युनिफर्म लगाउन दिइनेछ।

*क्लेभल्यान्ड मेट्रोपोलिटन स्कूल डिस्ट्रिक्टले आफ्नो शैक्षिक कार्यक्रम(हरू) वा रोजगारमा जात, वर्ण, जातियता, उत्पत्ति राष्ट्र, आप्रवासन स्थिति, पुर्ख्यौली, उमेर, सम्प्रदाय, धर्म, राजनैतिक आबद्धता, लिङ्ग, लैङ्गिक पहिचान वा अभिव्यञ्जना वा आनुवांशिक जानकारी, मानसिक वा शारीरिक असक्तता, यौन, यौनिक झुकाव, अभिभावकीय वा वैवाहिक स्थिति, सैनिक भेटेरन स्थिति, वा कानुन वा नियमनहरूले संरक्षित गरेको कुनै अन्य आधारमा उत्पीडित गर्ने, धम्क्याउने, वा विभेद गर्नेछैन।*